# Nirdhan Utthan Bank Limited

*(A class 'D' Financial Institution Licensed by Nepal Rastra Bank)*

Kathmandu,Nepal

## UNAUDITED FINANCIAL RESULTS (Quarterly)

**As at the end of Second Quarter (31/12/2073) of the fiscal year 2073/074 (2016/2017)**

Rs. In '000

| S.N. | Particulars | This Quarter Ending 2073-12-31 | Previous Quarter Ending 2073-09-30 | Corresponding Previous Year Quarter Ending 2072-12-30 |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities** | **14,571,119** | **14,028,297** | **10,865,290** |
| 1.1 | Paid up Capital | 600,000 | 600,000 | 500,000 |
| 1.2 | Reserve and Surplus | 942,654 | 799,177 | 527,733 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 6,646,047 | 6,705,939 | 5,526,822 |
| 1.5 | **Deposits (a+b)** | **5,591,037** | **5,227,726** | **3,740,990** |
| | a. Domestic Currency | 5,591,037 | 5,227,726 | 3,740,990 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liability | 191,659 | 129,141 | 107,645 |
| 1.7 | Other Liabilities | 599,722 | 566,314 | 462,101 |
| **2** | **Total Assets** | **14,571,119** | **14,028,297** | **10,865,290** |
| 2.1 | Cash and Bank Balance | 206,715 | 174,244 | 149,880 |
| 2.2 | Money at Call and Short Notice | 861,334 | 1,317,723 | 700,411 |
| 2.3 | Investments | 422,414 | 55,814 | 53,814 |
| 2.4 | Net Loan and Advances | 12,037,034 | 11,542,105 | 9,068,779 |
| 2.5 | Fixed Assets | 202,529 | 202,758 | 211,043 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 841,093 | 735,653 | 681,363 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending 2073-12-31** | **Previous Quarter Ending 2073-09-30** | **Corresponding Previous Year Quarter Ending 2072-12-30** |
| 3.1 | Interest Income | 1,598,940 | 1,035,567 | 1,088,976 |
| 3.2 | Interest Expenses | 524,179 | 304,107 | 319,928 |
| | **A. Net Interest Income** | **1,074,762** | **731,461** | **769,049** |
| 3.3 | Fees, Commission and Discount | 12,540 | 8,862 | 7,779 |
| 3.4 | Other Operating Income | 151,031 | 100,463 | 114,133 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | (475) | 456 | 802 |
| | **B. Total Operating Income** | **1,237,857** | **841,240** | **891,763** |
| 3.6 | Staff Expenses | 449,130 | 304,886 | 376,660 |
| 3.7 | Other Operating Expenses | 77,968 | 52,598 | 75,191 |
| | **C. Operating Profit Before Provision** | **710,759** | **483,756** | **439,913** |
| 3.8 | Provision for Possible Losses | 19,739 | 14,199 | 55,899 |
| | **D. Operating Profit** | **691,020** | **469,557** | **384,013** |
| 3.9 | Non Operating Income/ Expenses (Net) | 10,624 | 3,961 | 9,506 |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit From Regular Activities** | **701,643** | **473,518** | **393,520** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | 1,109 | - | 1,177 |
| | **F. Profit before Bonus and Taxes** | **702,752** | **473,518** | **394,697** |
| 3.12 | Provision for Staff Bonus | 63,886 | 43,047 | 35,882 |
| 3.13 | Provision for Tax | 191,659 | 129,141 | 107,645 |
| | **G. Net Profit/ Loss** | **447,207** | **301,330** | **251,171** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 12.22% | 11.83% | 12.41% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 0.25% | 0.26% | 1.33% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 474% | 461% | 113% |
| 4.4 | Cost of Funds | 7.90% | 6.17% | 5.20% |
| 4.5 | Credit to Deposit Ratio | 218% | 223% | 246% |

The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.ब. २०७३/७४ को तेस्रो त्रैमासिक अबधिको विवरण

१. **वित्तीय बिबरण:**

(क) **त्रैमासिक अवधीको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:** यसै साथ प्रकाशित गरिएको छ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु:**

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | कुल सम्पत्तिमा प्रतिफल | तरलता अनुपात |
|---|---|---|---|---|
| ९९.३८ | १६.५२ | २५७.११ | ४.११% | २८.७४% |

२. **व्यवस्थापकीय बिश्लेषण:**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** कारोबारको बृद्धिसँगै बैंकको मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक रुपमा बृद्धि भएको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:** बैंकलाई आवश्यक वित्तीय श्रोतमा आत्म निर्भर हुनका लागि सर्वसाधारण र सदस्यहरुबाट बचत परिचालनमा जोड दिदै आएको छ। बचत परिचालनका लागि बजारिकरण गर्ने, बैंकले प्रदान गर्ने बचतका सेवाहरु, ब्याजदर सम्बन्धमा बैंकका ७५ वटै जिल्लाहरुमा रहेको शाखा संजाल मार्फत प्रचार प्रसार गर्ने कार्य भैरहेको छ। ग्राहक सदस्यहरुलाई व्यवसायिक बनाउन उद्यमशीलता सम्बन्धी तालिम प्रदान गर्ने तथा कर्मचारीको क्षमतामा अभिवृद्धि गरी कार्यकुशलतामा अभिवृद्धि गर्ने, उत्पादकत्व बृद्धि गर्ने, गहन रुपमा सुपरीवेक्षण गर्दै, व्यवसाय बिस्तारमा जोड दिइएको छ, दिइनेछ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपनाले ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र यसको सदुपयोगिता आदि कारणले बैंकलाइ असर पर्न सक्छ तथापी बैंकले तय गरेको सुक्ष्म अनुगमन तथा कुशल कार्य नीति एवं व्यवस्थापनका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

(क) यस अबधीमा बैंकले कसैको बिरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र बैंकको बिरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।

(ख) बैंकका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:**

(क) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट जारी वर्तमान नीतिहरु, हालको राजनैतिक, आर्थिक अवस्थाका कारण धितोपत्र बजारलाई असर पारी बजारमा सामान्य उतारचढाव भएता पनि यस बैंकको शेयर कारोबार संतोषजनक नै रहेको छ।

(ख) स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अबधिमा यस बैंकको शेयरको कारोवार निम्नानुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| २१५३ | ११३० | १८८९ | ५६ | १४१६ |

५. **समस्या तथा चुनौति:**

लघुवित्त संस्थाहरु स्थापना तथा बिस्तार हुने क्रम जारी रहेको अवस्था र ति सबैको लक्षित कार्य क्षेत्र अन्य लघुवित्त संस्थाहरु सञ्चालित स्थानहरुमा नै रहेको हुँदा कर्जाको दोहोरोपना, दक्ष जनशक्तिको बहिरगमन जस्ता चुनौतिहरु थपिएका छन्। तसर्थ संस्थालाई अझ बढी प्रतिस्पर्धात्मक तथा दीर्घकालिन रुपमा व्यवसायीक ढंगले कार्य गर्नु पर्ने देखिन्छ। देशको ७५ वटै जिल्लाहरुमा शाखा सञ्जाल विस्तार गरी सेवा प्रदान गरिरहेको एकमात्र यस लघुवित्त संस्थाले अति दुर्गम पहाडी तथा हिमाली क्षेत्रमा खोलिएका शाखाहरुको सञ्चालन स्वसक्षमता प्राप्त गर्न चुनौति रहेको । प्रभावकारी जनशक्ति व्यवस्थापन लागू गरी लगानीका नयाँ क्षेत्रहरु पहिचान गरी लगानीमा विविधीकरण गर्दै लगिनेछ, खर्चमा मितब्ययिता, उपयुक्त व्यवसायिक रणनीतिको तर्जुमा गरी कार्य सञ्चालन गर्दै आईरहेको छ।

६. **संस्थागत सुशासन:**

नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरुः कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ । बैंकको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, वित्तीय सेवा निर्देशिका, आन्तरिक लेखापरिक्षण निर्देशिका, व्यवस्थापन सूचना प्रणाली नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ । त्यसै गरी लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति र कर्मचारी सेवा सुबिधा समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।